फोन.नं. ०९९-५४००१०
info@shuklaphantamun.gov.np
ito.shuklaphantamun@gmail.com

# शुक्लाफाँटा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
झलारी, कञ्चनपुर
सुदूरपश्चिम प्रदेश, नेपाल

पत्र संख्या:-२०७७/०७८

## कर्मचारी आवश्यकता सम्बन्धी सूचना
(मिति २०७७।०९।१२)

यस शुक्लाफाँटा नगरपालिकामा गरिब परिवार पहिचान तथा परिचयपत्र वितरण निर्देशिका, २०७५ बमोजिम कार्यक्रम संचालन गर्न तपसिलमा उल्लेखित कर्मचारीहरुलाई सेवा करारमा लिनु पर्ने भएकोले योग्यता पुगेका ईच्छुक नेपाली नागरिकहरुलाई यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र दरखास्त दिन हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । दरखास्त फारम कार्यालयबाट वा यस कार्यालयको वेवसाइट www.shuklaphantamun.gov.np बाट उपलब्ध गर्न सकिनेछ ।

| सि.नं. | विज्ञापन नं. | पद | संख्या | दस्तुर | कैफियत |
|---|---|---|---|---|---|
| १ | ६-२०७७/०७८ | सुपरिवेक्षक | १ (एक) | रु. ५०० | |
| २ | ७-२०७७/०७८ | गणक | ७ (सात) | रु.५०० | |

- **आवश्यक न्युनतम योग्यता र अनुभव :**
  - सुपरिवेक्षकका लागि : मान्यता प्राप्त शिक्षण संस्थाबाट तथ्यांकशास्त्र वा जनसंख्या वा अर्थशास्त्र वा गणित विषय सहित कुनै विषयमा कम्तिमा स्नातक वा सो सरह उत्तीर्ण गरेको र कम्प्युटर सम्बन्धी आधारभुत ज्ञान भएको ।
  - गणकका लागि : मान्यता प्राप्त शिक्षण संस्थाबाट तथ्यांकशास्त्र वा जनसंख्या वा अर्थशास्त्र वा गणित विषय सहित कुनै विषयमा कम्तिमा प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरेको र कम्प्युटर सम्बन्धी आधारभुत ज्ञान भएको ।
- **दरखास्तसाथ संलग्न गर्नुपर्ने:** शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि, नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, अनुभवको प्रतिलिपि र उम्मेदवारको व्यक्तिगत विवरण ।
- **उमेरको हद:** १८ बर्ष पुरा भई ४० वर्ष ननाघेको ।
- **छनौटको किसिम:** संक्षिप्त सूची, लिखित तथा अन्तर्वार्ता, स्थानीय बासिन्दालाई प्राथमिकता दिइनेछ ।
- **सेवा सुविधा:** गणकलाई निजामती सेवाको राजपत्र अनंकित द्वितीय श्रेणी सरह र सुपरीवेक्षकलाई राजपत्र अनंकित प्रथम श्रेणी सरहको मासिक तलबको शुरु स्केल बराबरको पारिश्रमिक तथा अन्य सुविधा तोकिए बमोजिम हुनेछ ।
- **करार सेवा अवधि:** नियुक्ति भएको मितिले बढीमा ५ महिना ।
- **निवेदन दिने अन्तिम मिति:** २०७७।०९।१८ (सो दिन बिदा भएमा सोको भोलिपल्ट) ।
- **सम्पर्क मिति :** यस कार्यालयको सूचना पाटी र कार्यालयको बेभसाइटमा पछि प्रकाशित गरिनेछ ।